विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या - ३९

आज मिति २०८२ जेष्ठ महिनाको ०८ गते बिहिवार कार्यपालिका बैठक विहान १०:०० बजे देखि विगु गाउँपालिकाको अध्यक्ष श्री संजिव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पादाधिकारीहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायअनुसारको निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| क्र.स | नामथर | पद | सम्पर्क न | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | संजिव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | |
| २ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | |
| ३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४४६५१४९ | |
| ४ | दिपक ठकुरी | वडाध्यक्ष, वडा नं २ | ९८४४३०६५७२ | |
| ५ | ढाल बहादुर तमाङ | वडाध्यक्ष, वडा नं ३ | ९८६४००४१४७ | |
| ६ | रामचन्द्र खड्का | वडाध्यक्ष, वडा नं ४ | ९८६३३७७४९८ | |
| ७ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | |
| ८ | टहल बहादुर थामी | वडाध्यक्ष, वडा नं ६ | ९८५४०४५९४० | |
| ९ | दल बहादुर श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | ९८४९१७०३२१ | |
| १० | हिरा थामी | वडाध्यक्ष, वडा नं ८ | ९८६६४१९५१० | |
| ११ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ९८४४१९६३९६ | |
| १३ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ९८५१०५३४६१ | |
| १४ | ज्योतिमाया थामी | कार्यपालिका सदस्य | ९८४४५५५८९९ | ज्योती |
| १५ | टलमाई तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | टलमाई |
| १६ | मैयाँ नेपाली | कार्यपालिका सदस्य | ९८६०४१००६५ | |
| १७ | रत्न बहादुर थामी | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८४३५५९०३८ | |
| १८ | | | | |

सन्जीव ओली
अध्यक्ष

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# मिति २०८२ जेष्ठ महिनाको ०८ गते बिहिवार विगु गाउँपालिकाको कार्यपालिका बैठकको प्रस्तावहरु

प्रस्तावहरु:

१. निर्णय अनुमोदन सम्बन्धमा ।

२. कार्यविधि स्वीकृती सम्बन्धमा।

३. विपन्न नागरिक उपचार खर्च सम्बन्धमा।

४. खेलकुद कार्यक्रम रकम भुक्तानी सम्बन्धमा।

५. सडक बोर्ड लागत साझेदारी सम्बन्धमा।

६. जग्गा वर्गीकरण सम्बन्धमा।

७. सीप विकास तालिम सञ्चालन सम्बन्धमा।

८. खानेपानी उपभोक्ता समिति सम्बन्धमा।

९. विगु स्वास्थ्य सेवा केन्द्रको ल्याब शुल्क सम्बन्धमा।

१०. रोजगार सहायक नियुक्ति सम्बन्धमा।

११. असहाय, बेवारिसे, विपन्न शव व्यवस्थापनका लागि शव वाहन भाडा सम्बन्धमा।

१२. आकस्मिक कोषमा.वि.नियोजित रकम स्थानान्तरण सम्बन्धमा।

१३. शिक्षक काज सरुवा सम्बन्धमा।

१४. विविध।

सन्जीव ओली
अध्यक्ष

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

निर्णयहरु:

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२।०२।०१ गते गाउँ शिक्षा समितिले गरेको निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा उपस्थित माननीय सदस्यहरूको छलफल र सुझावहरू, शाखागत सुझावहरुको आधारमा, पशुपंन्छी प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ र विपन्न वर्ग आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ लाई अन्तिम रूप दिई पास गर्ने तथा उक्त कार्यविधि सम्बन्धित निकायहरूमा कार्यान्वयनका लागि पठाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस गाउँपालिका भित्र रहेका विपन्न नागरिकहरुलाई दिदै आएको आर्थिक सहयोग प्रत्येक विपन्न नागरिकबाट पेश भई आएको निवेदनको आधारमा यस कार्यालयको स्वास्थ्य सेवा ऐन, २०८० ले व्यवस्था गरे अनुसार रु २५,०००/- को दरले उपलब्ध गराउने निर्णय गरियो । साथै, तपशिल बमोजिम पेश भएका निवेदकहरूलाई तत्काल आर्थिक सहयोगको रकम उपलब्ध गराउन व्यवस्था मिलाउने निर्णय गरियो।

तपशिल

| क स | नाम थर | लिङ्ग | ठेगाना | रोगको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | धनविर थामी | पु | विगु-६ | Cancer | |
| २. | सुकमाया थामी | म | विगु-६ | Appendix | |
| ३. | पशुपति थामी | म | विगु-६ | VasinalCandysis | |
| ४. | गौरी थामी | म | विगु-८ | Cancer | |
| ५. | देवि थामी | म | विगु-८ | Kidney | |
| ६. | नरमाया थामी | म | विगु-८ | Cystomy | |

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा खेलकुद कार्यक्रम रकम भुक्तानी सम्बन्धमा छलफल भई, विनियोजित बजेटभन्दा बढी रकम खर्च भएको विषयमा सम्बन्धित शाखाबाट प्राप्त प्रतिवेदनको आधारमा अतिरिक्त खर्चको विवरण यकिन गरी भुक्तानी प्रक्रिया अगाडि बढाउने, अपुग रकम व्यवस्थापनका लागि गाउँसभामा प्रस्ताव पेश गर्ने, र आगामी दिनमा यस्ता खर्च नियन्त्रण गर्न बजेट योजना तथा कार्यान्वयनमा कडाइ गर्ने निर्णय गरियो

तपशिल

| क स | निवेदक | खेलकुद विधा | रकम |
|---|---|---|---|
| १ | कुमार श्रेष्ठ प्र.अ. शारदा मा.वि. | पालिका स्तरीय शिक्षक भलिबल | ५५,०००/- |

सन्जीव ओली
अध्यक्ष

रत्न बहादुर थामी
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| २ | हिरामणी गौतम प्र.अ. गौरीशंकर मा.वि. | गाउँपालिका तथा जिल्ला रनिङशिल्ड | १,००,०००/- |
| ३ | कुमार श्रेष्ठ प्र.अ. शारदा मा.वि. | गाउँपालिका तथा जिल्ला रनिङशिल्ड | ८०,०००/- |
| ४ | थुनम तामाङ खेल प्रशिक्षक | कराते प्रतियोगिता काठमाण्डौ | ८०,०००/- |
| ५ | लोप्साङ तामाङ खेल प्रशिक्षक | वैतेश्वर भलिवल प्रतियोगिता सहभागिता | ६०,०००/- |
| ६ | हिरामणी गौतम प्र.अ. गौरीशंकर मा.वि. | रामेछाप भलिबल प्रतिगोगिता सहभागि | २,१५,०००/- |

५. प्रस्ताव नं. ५ उपर छलफल गर्दा विगु गाउँपालिकाले सडक बोर्ड नेपालबाट मिति २०८१/०६/१३ मा प्राप्त पत्रानुसार योजनाहरू छनौट गरी पठाइएको र ती योजनाहरू सञ्चालनका लागि आवश्यक २० प्रतिशत रकम यस गाउँपालिकाले व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपशिल

| क्र स | योजनाको नाम | कुल लागत रकम | सडक बोर्ड नेपाल रु | गाउँपालिकाले व्यहोर्ने रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | शारदा मा.वि. बुलुङ देखि वराङखोला सडक स्तरोन्नती | २४,८३,४८०।२२ | १७८२७०४।७९ | ४,४५,५७६।२० | |
| २ | पिङहाल्ने डाँडा देखि मंकाल ओरालो सडक स्तरोन्नती | ३,०१,८६४।३० | २,१७,२९५।०० | ४५,३२३।८५ | |

६. प्रस्ताव नं. ६ उपर छलफल गर्दा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको मिति २०८२।०१।३१ को पत्रानुसार यस गाउँपालिका क्षेत्र भित्रका भुमि वर्गिकरणमा प्राविधिक र प्रविधि दुवै प्रयोगबाट यथासिध्र प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ उपर छलफल गर्दा प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, प्रदेश प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम परिषद हेटौंडाको आर्थिक सहयोग र सेवा प्रदायक संस्था श्री नेपाल इन्ष्टिच्यूट अफ टेक्निकल एण्ड भोकेशनल ट्रेनिङ प्रा. लि. को व्यवस्थापनमा संचालन हुने ३९० घण्टे नि:शुल्क प्लम्विङ सिप विकास तालिम यस विगु गाउँपालिकामा संचालन गरिएकोमा सो तालिमका सहभागिहरुलाई खाना तथा आवासको व्यवस्थापन गर्नको

सन्जीव ओली
अध्यक्ष

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

लागि आवश्यक बजेट गाउँपालिका अन्तर्गत २२.५.२९, उद्यमशिलता कार्यक्रम शिर्षकमा बाट ३,५०,००० रकम खर्चहुने गरी आवश्यक बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं.८ उपर छलफल गर्दा विगु गाउँपालिकाको आ व २०८१।०८२ मा खानेपानी पाईप खरिद वडा नं ६ र ८ शिर्षकमा विनियोजित बजेट कार्यान्वयनको लागि विगु गाउँपालिका वडा नं ६ र ८ मा फरक फरक उपभोक्ता समिति गठन गरि आवश्यक खानेपानि वितरणको लागि आवश्यक पर्ने पाईप खरिद तथा निर्माण कार्य च्यम्बर निर्माण पाईप लाईन खन्ने पुर्ने जस्ता कार्य प्राविधिक कर्मचारीहरुले तयार गरेको लागत अनुमान आधारमा गठित उपभोक्ता समिति मार्फत कार्य अघि बढाउने निर्णय गरियो ।

९. विगु प्रस्ताव नं.९ उपर छलफलगर्दा यस विगु गाउँपालिकाबाट संचालित विगु स्वास्थ्य सेवा केन्द्र सिँगटीमा ल्याव सेवा उपलब्ध गराएबापतको ल्याव शुल्क तपशिल बमोजिम हुनेगरी गर्ने निर्णय गरियो ।

<u>तपिशल</u>

| Diagnostic Fee | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| S.N | Test | Rate | Remarks | S.N | Test | Rate | Remarks |
| 1 | ANC Package | 300 | | 23 | HB% | 50 | |
| 2 | USG for ANC | 200 | | 24 | TC | 50 | |
| 3 | USG for Other | 250 | | 25 | ESR | 100 | |
| 4 | ECG | 250 | | 26 | Blood Groupping | 50 | |
| 5 | Troponine-I | 300 | | 27 | Platelet | 50 | |
| 6 | LFT | 250 | | 28 | RBS | 100 | |
| 7 | RFT | 250 | | 29 | FBS | 50 | |
| 8 | H.Pylory by stool | 250 | | 30 | PPBS | 50 | |
| 9 | H.Pylory by Blood | 300 | | 31 | Urea | 50 | |
| 10 | Serology | 300 | | 32 | Creatinine | 50 | |
| 11 | Dengue | 250 | | 33 | Uric Acid | 50 | |
| 12 | CK-MB | 200 | | 34 | HIV | 100 | |
| 13 | Amylose | 150 | | 35 | HBsAg | 100 | |
| 14 | Lipid Profile | 200 | | 36 | VDRL | 100 | |
| 15 | FBS/PPBS | 100 | | 37 | ASO | 50 | |
| 16 | Urea & Creatinine | 100 | | 38 | CRP | 50 | |
| 17 | Total And Direct Bilirubin | 100 | | 39 | RA Factor | 50 | |
| 18 | S.Calcium | 100 | | 40 | Urine R/E | 100 | |
| 19 | Na+ K+ | 100 | | 41 | Stool R/E | 100 | |
| 20 | Widal Test | 200 | | 42 | AFB | Free | |
| 21 | UPT Test | 100 | | 43 | MP(Malaria Parasite) | Free | |
| 22 | CBC | 200 | | | | | |

१०. प्रस्ताव नं.१० उपर छलफल गर्दा विगु गाउँपालिकाले मिति २०८२।०१।२८ मा सञ्चालित सब इन्जिनियर (पाँचौं तह) पदको माग संख्या १ बाट वैकल्पिक उम्मेदवार श्री पदम बहादुर

सन्जीव ओली
अध्यक्ष

नि. प्रमुख ... बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

१०. प्रस्ताव नं. १० उपर छलफल गर्दा विगु गाउँपालिकाले मिति २०८२।०१।२८ मा सञ्चालित सब इन्जिनियर (पाँचौं तह) पदको माग संख्या १ बाट वैकल्पिक उम्मेदवार श्री पदम बहादुर मल्ल, विगु-४ लाई प्रधानमन्त्री प्राविधिक सहायक पदमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को व्यवस्थाअनुसार करार नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरियो।

११. प्रस्ताव नं. ११ उपर छलफल गर्दा यस विगु गाउँपालिकाका असहाय, वेवारिसे, विपन्न नागरिकहरुका परिवारका सदस्यहरुको विभिन्न विपद तथा भैपरीमा परि मृत्यू भएमा वा वेवारिसे शव फेला परेमा त्यस्ता शव व्यवस्थापन बापत गाउँपालिकाले प्रति परिवार रु १५,०००/- को दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ उपर छलफल गर्दा आगामी गाउँसभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाबाट छनौट भएका नामावलीको आधारमा आकष्मिक उद्दार राहत बापत आकष्मिक कोष शिर्षकमा विनियोजित रकम कोष खातामा ट्रान्सफर गर्ने निर्णय गरियो ।

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, दोलखा

रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर - भैपरी Code मा परेको रकमान्तर

घटाउने

रु. हजारमा

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२३५०५१०१ | पोखरी ढाड देखि जुकेपानी सम्म भल तर्काउने | 31511 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५००,०० | |
| २ | ८०३२३५०५१०१ | आकष्मिक कोष | 28911 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००,०० | |
| | | | | | | | | १,५००,०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०३२३५०५१०१ | आकस्मिक कोष | 27112 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १,०००,०० | |
| २ | ८०३२३५०५१०१ | पोखरी ढाड देखि जुकेपानी सम्म भल तर्काउने | 31155 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | ५००,०० | |
| | | | | | | | | १,५००,०० | |

अक्षरेपी : रुपैयाँ एक हजार पाँच सय मात्र।

१३. प्रस्ताव नं. १३ उपर छलफल गर्दा विगु गाउँपालिका वडा नं ८ श्री हिमालय माध्यमिक विद्यालय खोपाचागुको वि. व्य. स. को मिति २०८२।०२।०२ गतेको निर्णयानुसार तथा मिति २०८२।०२।०५ गतेको पत्रानुसार तपशिल अनुसार हुने गरी शिक्षकहरुलाई अर्को व्यवस्था नभए सम्मका लागि काज सरुवा गर्ने निर्णय गरियो ।

तपशिल

| क्र स | शिक्षकको नाम थर | हाल कार्यरत विद्यालय | काज सरुवा गरिएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | दावा पेम्बा शेर्पा | श्री हिमालय मा. वि. विगु-८ खोपाचागु | श्री देउढुंगा प्रा. वि. विगु-७ गगलाते | प्रा. शि. द्वितीय |

सन्जीव ओली
अध्यक्ष

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २ | तारा श्रेष्ठ | श्री हिमालय मा. वि. विगु-८ खोपाचागु | श्री कालिन्चोक मा. वि. विगु-८ थामीचागु | नि.मा.वि. तृतीय |

१४. प्रस्ताव नं. १४ विविध उपर छलफल गर्दा

क यस विगु गाउँपालिकाबाट संचालित बालविकास केन्द्रमा हाल कार्यरत कर्मचारीहरुको करार नविकरण आगामी आ. व. २०८२।०८३ देखि नगर्ने निर्णय गरियो ।

ख विगु गाउँपालिका भित्र २०८१।०८२ मा संचालित कार्यक्रमहरुको चौमासिक खर्च समिक्षा एवम् सार्वजनिक सुनुवाईका लागि भौतिक तथा वित्तिय प्रगति प्रतिवेदन शाखागत कर्मचारीहरुबाट तयार गर्ने गराउने निर्णय गरियो ।

सन्जीव ओली
अध्यक्ष

रत्न बहादुर थामी
नि. प्रमुख प्रशासकीय अधिकृत